Total No. of Printed Pages—7

**X/19/N (N)**

**2 0 1 9**

**NEPALI**

( INDIAN LANGUAGE )

( New Course )

**( FOR REGULAR CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

*Time* : 3 hours

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

**1.** तल दिएका कुनै **दुई** प्रश्नका उत्तर लेख : 7×2=14

(क) 'शिक्षाको उद्देश्य' निबन्धमा निबन्धकारले सच्चा शिक्षित व्यक्तिहरू शारीरिक काममा पछि सर्दैनन् भनेका छन्। यसो भन्नुको कारण के हो? पुस्तकको आधारमा पुष्टि गर।

(ख) डा० पारसमणि प्रधानलाई किन व्याकरणाचार्य भन्न सकिन्छ? उनले लेखेका कृतिहरूका नाम लेख।

(ग) रने परिबन्दमा फसेका कारणहरू के-के हुन्? 'परिबन्द' पाठको आधारमा पुष्टि गर।

(घ) विश्वलाई हँसाउने अनौंठो व्यक्तिको नाम के हो? तिनले कसरी हँसाउथे? तिनको जन्म कहिले अनि कहाँ भएको थियो? तिनको पहिरन कस्तो थियो?

**2.** *2* वा *3* वाक्यमा उत्तर लेख (कुनै **तीन**) : 2×3=6

(क) शिक्षाले मानिसलाई के बनाउँछ?

(ख) पारसमणि प्रधानका पुस्तकहरूको प्रचार कहाँ-कहाँ भएको छ?

(ग) राष्ट्रभाषा र मातृभाषामा के अन्तर छ?

(घ) चार्लीले कुन नाटक कम्पनीमा काम गर्थे? त्यो नाटक कम्पनी कहाँ थियो?

(ङ) लाहुरे मरेको थाहा भएपछि रनेले के गर्‍यो?

**3.** *1* शब्द वा वाक्यमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) पारसमणि प्रधान पेशाले के हुनुहुन्थ्यो?

(ख) नेपाली भाषामा केको विशेषता छ?

(ग) ब्याङ्क म्यानेजरको ब्यागमा कति रुपियाँ रहेछ?

(घ) अल्झेको इच्छाभन्दा के बुझिन्छ?

(ङ) लाहुरेलाई पानी खुवाउँदा रनेको जीउमा कहाँ-कहाँ रगत लाग्यो?

(च) 'चार्ली च्यापलीन : एक असाधारण व्यक्तित्व' पाठ कसले लेखेका हुन्?

(छ) शिक्षित व्यक्ति कस्ता हुन्छन्?

**4.** सप्रसंग व्याख्या गर : 5×2=10

(क) "यस्तो पत्रिकाको हामीलाई खाँचो छैन, यसले भाषाको अधोगति पार्छ।"

**अथवा**

अरूलाई दोष लाउनुभन्दा रचनात्मक कार्यतिर आफू लाग्नु नै बुद्धिमानी र प्रगति भन्नुपर्छ।

(ख) हामी बसौं पर्वत भीर वा वन
गुराँश झैं पाउन पर्छ फक्रन।

**अथवा**

यस्तै रीतले सन्ध्या आउला अन्धकार क्षण सर्वत्र छाउला
स्वीट फल्स आफ्नै धूनमा रहला
जीवन गीत त्यो आफ्नै गाउला।

**5.** सारांश लेख (कुनै **एक**) : 5

(क) लेखनाथ पौड्याल रचित 'गौंथलीको चिरिविरि'

(ख) लक्ष्मीप्रसाद देवकोटा रचित 'गरीब'

(ग) गोपीनारायण प्रधान रचित 'स्वीटफल्स'

**6.** *2* वा *3* वाक्यमा उत्तर लेख (कुनै **दुई**) : 2×2=4

(क) कविले किन पुर्खाको एउटा कागजको इतिहास सिर्ज भन्छन्?

(ख) 'स्वीट फल्स' कतिबेला बढ्ने र घटने गर्छ?

(ग) 'गरीब' कवितामा कवि कहाँ-कहाँ अनि कसरी घुमीवरी आफ्नो आँगनमा फर्कन्छन्?

(घ) रुपियाँलाई किन उपियाँसँग तुलना गरिएको छ?

**7.** *1* शब्द वा वाक्यमा उत्तर देऊ (कुनै **चार**) : 1×4=4

(क) 'स्वीट फल्स' कहाँ छ?

(ख) 'अधिकार र कर्त्तव्य' कविताका कवि को हुन्?

(ग) 'ताम्रपत्र' भनेको के हो?

(घ) गौंथली कहाँ बस्दथ्यो?

(ङ) भानुभक्तले रामायण कहाँ बसेर लेखे?

(च) गरीबलाई के मीठो र के रसिलो लाग्छ?

**8.** भाव विस्तार गर (कुनै **एक**) : 3

(क) बजाउन जाने पो बज्छ मुरली

(ख) विज्ञान वरदान पनि हो र अभिशाप पनि

(ग) संगत गुणाको फल

**9.** छोटो उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) विजयादशमीको दिन सानीले कस्तो रंगको जामा लाएकी थिई?

(ख) इलाम जाने बेलामा सुबेदारनीले सानीलाई के दिएर पठाइन्?

(ग) सानीको बाबा कुन दिन खसेको थियो?

(घ) सुबेदारनीको घरमा काम गर्ने मान्छे कहाँ जाने भयो?

(ङ) सानीले कुन नन्दलाई साह्रै माया गर्थिन्?

(च) सानीको पोइ कस्तो थियो?

(छ) माइत घर छोडेर जाँदा सानीले हरिको के स्पर्श गरेर कोठाबाट निस्की?

**10.** सानी को हो? सानीलाई सुबेदारनीले किन साह्रै माया गर्थिन्? 5

**अथवा**

हरिको चरित्र चित्रण गर।

**11.** निम्नलिखित निर्देश-अनुसार उत्तर लेख :

(क) भाववाचक संज्ञा बनाऊ (कुनै **दुई**) : ½+½=1

बस ; गरीब ; चोर ; मित्र।

(ख) सन्धि गर (कुनै **दुई**) : ½+½=1

विद्या + आलय ; निः + रोग ; जगत् + नाथ ; महा + ईश।

(ग) विशेषण बनाऊ (कुनै **दुई**) : ½+½=1

दिन ; गुलाब ; बंगाल ; नून।

(घ) लिङ्ग परिवर्तन गर (कुनै **दुई**) : ½+½=1

गाई ; कवि ; लामा ; मत्ता-हात्ती।

(ङ) कर्मवाच्यबाट कर्तृवाच्य बनाऊ (कुनै **दुई**) : ½+½=1

*(i)* उमाद्वारा भात खाइन्छ।

*(ii)* मनोहरबाट कथा पढियो।

*(iii)* तिमीबाट जति उत्तर दिन सकिन्छ, दिइयोस्।

(च) वाक्यांशको अर्थ खोल (कुनै **दुई**) : ½+½=1

*(i)* आँखा खुल्नु

*(ii)* आधा मासु हुनु

*(iii)* कान दिनु

*(iv)* करङ चिलाउनु

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूका उत्तर लेख :

पुराना पुराना भग्नावशेष, शिलालेख, सिक्का, किताबहरू हेरेर विद्वानहरूले मान्छे जातिको इतिहासको बारेमा धेरै कुरा पत्ता लगाएका छन्। पुरानो बेलाको इतिहास खोज्नमा विद्वानहरूले कुन कुराको उपयोग गरे भने प्रथमतः भग्नावशेषलाई लिउँ। भग्नावशेष भनेको भग्न भएर वा भत्किएर रहेको, बाँचेको अवशेष हो। प्राचीन कालका धेरै कुराहरू जमीनभित्र दबेका छन्। यस्ता चीज-हरूलाई खोजी गर्ने विद्वानहरूलाई पुरातत्त्ववेत्ता या अंग्रेजीमा आर्कियोलाजिस्ट् भनिन्छ। पृथ्वीका अनेक ठाउँमा खनेर पुरातत्त्ववेत्ताहरूले किसिम-किसिमका हात-हतियार, भाँडा-कुँडा, गर-गहना, पुराना शहरहरू, घर, मन्दिरका भग्नावशेष वा खण्डहर पाएका छन्। यी कुराहरू जाँचेर पुरानो समयको इतिहास जान्न धेरै मद्दत पुगेको छ। कतै-कतै प्राचीन वस्तुहरूमा पुराना भाषाहरूमा पुराना अक्षरहरूमा लेखिएका कुराहरू पाइन्छन्। कतै खाँबा, चट्टान र मन्दिरका देवलतिर पनि यस्ता लेखहरू पाइन्छन्। यस्ता लेखहरूमा कतै राजाले कुनै राज्य जितेको वर्णन, कतै मन्दिर निर्माण गरेको, कुवा खनाएर मान्छेका हितका निम्ति गरेको कामको विवरण लेखिएका हुन्छन्। भारतवर्षमा राजा अशोकले चट्टान र खाँबामा यस्ता धेरै लेख खोपाएका थिए। विद्वानहरूले धेरै परिश्रम गरेर ती पढेर अशोकको बेलाका धेरै कुराहरू जान्न सके।

(क) विद्वानहरूले मान्छे जातिको इतिहासको बारेमा कसरी पत्ता लाउँछन्? 1

(ख) भग्नावशेष भनेको के हो? 1

(ग) जमीनभित्र दबेका चीजहरूलाई खोजी गर्ने विद्वानहरूलाई के भनिन्छ? 1

(घ) के जाँचेर पुरानो समयको इतिहास जान्न सकिन्छ? 1

(ङ) भारतवर्षमा कुन राजाले चट्टान र खाँबामा लेख खोपाएका थिए? 1

**अथवा**

दिल्लीमा बस्ने साथीलाई परीक्षाको महत्त्व बताउँदै एउटा पत्र लेख। (परिचय सम्बोधन र ठेगाना हुनुपर्छ) 1+2+2=5

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) कुनै एउटा विश्वविख्यात खेलाडीको जीवनी

(ख) स्कूलको वार्षिक समारोह

(ग) नशालु पदार्थ

(घ) स्वतन्त्र दिवस

(ङ) दशैं

★★★